# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(पुनरावेदन शाखा)

रामशाहपथ, काठमाडौं


पत्र संख्या :-

चलानी नं. :- ९०५५

मिति :- २०७५।११।२३

श्री सवै उच्च सरकारी वकील कार्यालय

विषय: परिपत्र सम्बन्धमा ।

फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा *"कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका वखतभन्दा सजाय निर्धारण गर्दाका वखत कानून बमोजिम घटी साजय हुने रहेछ भने घटी सजाय हुने गरी सजाय निर्धारण गर्नु पर्नेछ ।"* भन्ने व्यवस्था गरिएको र केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा २(ख) ले *"कुनै कानून अन्तर्गत कुनै अदालतमा दायर भएको कुनै फौजदारी कसुरका मुद्दामा सजाय गर्नुपर्दा सोही कानुन बमोजिम नै गर्नु पर्नेछ । तर कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिए भन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुनेछ ।"* भनी कसुर गर्दाको वखत र सजाय निर्धारण गर्दाको वखत जुन सजाय घटी हुन्छ सोही सजाय हुने व्यवस्थाको सिद्धान्तलाई अंगिकार गरेको हुदा अभियोग दावी लिँदाको वखत कायम रहेको कानूनमा बढी सजाय हुने व्यवस्था भएको तर फैसला गर्दाका वखत कायम रहेको कानुनमा घटी सजाय हुने व्यवस्था भएको कारणले प्रतिवादीलाई मागदावी भन्दा कम सजाय भए उपर पुनरावेदन गर्न नपर्ने हुँदा सोही बमोजिम गर्नु गराउनु हुन र मातहात सरकारी वकिल कार्यालयहरुमा समेत परिपत्र गर्नु हुन निर्देशानुसार अनुरोध गरिन्छ ।

बासुदेव लम्साल

उपन्यायाधिवक्ता


☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८

फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५

इमेल: info@attorneygeneral.gov.np, वेबसाइट: www.attorneygeneral.gov.np